# सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव

सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव अनिता पौडेल २०७०

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा
मूल्याङ्कन विभाग स्नातकोत्तर तह (एम्. एड्) दोश्रो वर्षको
आशिंक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

**शोधपत्र**

शोधकर्ता :
**अनिता पौडेल**
त्रि.वि.दर्ता नं. : ४३९०२-९५
परीक्षा रोल नं : २४०००४०/०६७

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**भरतपुर, चितवन**

**भाद्र, २०७०**

सप्तगण्डकी बहुमुखी क्याम्पस

SAPTAGANDAKI MULTIPLE CAMPUS

*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल

Bharatpur, Chitwan, Nepal


प.सं./L.No. :

च.नं./Ref.No. :

# पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभागको स्नातकोत्तर तहका शोधकर्ता अनिता पौडेले **सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजबाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

उप प्रा. होमनाथ सापकोटा

(शोध निर्देशक)

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः- ०७० /०५/०२

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि अनिवार्य पत्र Ed.CE 598 अन्तर्गत"सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव" शीर्षकमा यो शाधपत्र तयार गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना लेखनदेखि आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख उप-प्राध्यापक श्री कुवेरनाथ शर्माज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । यसैगरी शोध कार्यलाई सफल बनाउनका लागि शुरुदेखि अन्त्य सम्म सधैं सद्भावपूर्ण सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने आदरणीय गुरु उप-प्राध्यापक श्री होमनाथ सापकोटाप्रति हृदय देखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोधपत्र तयार पार्ने सिलसिलामा तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुऱ्याउने नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरू, गणित र नेपाली विषयका शिक्षण कार्यमा सम्लग्न शिक्षकहरू, सहभागी विद्यार्थीहरू प्रति पनि आभार व्यक्त गर्न चाहन्छु । साथै लाइब्रेरी अध्ययनमा सहयोग पुऱ्याउनुहुने यस क्याम्पसका लाइब्रेरियनप्रति पनि आभार प्रकट गर्न चाहन्छु । भौतिक, आर्थिक र सामाजिक सहयोग गरी उच्च शिक्षासम्म पढ्ने अवसर प्रदान गर्नुहुने पूजनीय मातापिताप्रति पनि हृदयदेखि नै आभार ज्ञापन गर्दछु ।

**अनिता पौडेल**
सप्तगण्डकी बहुमुखी क्याम्पस
स्नातकोत्तर तह एम.एड. दोस्रो वर्ष

# शोधसार

"सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव" नामक यस शोधपत्रको मुख्य उद्देश्य निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्थाबारे शिक्षकहरूको अवधारणा पत्ता लगाउनु, निरन्तर विद्याथी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था पत्ता लगाउनु, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा देखिएका समस्याहरू पत्ता लगाउनु, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने क्रममा देखिएका समस्या समाधानका उपायहरू सुझाउने रहेको थियो । त्यस्तै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई पूर्णरूपमा लागु गरिएका विद्यालय र आंशिक रूपमा लागु गरिएका विद्यालयका कक्षा ३ का विद्यार्थीहरूको उपलब्धिस्तरको सार्थकता पत्ता लगाउनु यस अध्ययनको मूख्य उद्देश्य रहेको थियो ।

मिश्रित अनुसन्धान ढाँचामा तयार पारिएको शोधपत्रलाई पूर्णता प्रदान गर्नका लागि सम्भावनारहित नुमना छनौट विधि अन्तगर्तको उद्देश्यमूलक नमुना छनौट विधिका आधारमा चितवन जिल्लामा रहेका ४ वटा सामुदायिक विद्यालयका ४ जना प्रधानाध्यापकहरू, २४ जना नेपाली र गणित विषय शिक्षण गर्ने शिक्षकहरू र ३० जना विद्यार्थीहरू सहभागी गरी संरक्षित अन्तर्वार्ता प्रश्नावली, स्तरीकृत उपलब्धी परीक्षण र प्रत्यक्ष अवलोकनबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने पाठ्यपुस्तक, पत्रपत्रिका, लेखरचना जस्ता डकुमेन्ट्सको अध्ययन गरी द्वितीय तथ्याङ्कहरू लिइएको थियो ।

प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन गर्न विद्यार्थी संङ्ख्या अधिक हुनु नै यस प्रणालीलाई प्रभावपार्ने प्रमुख तत्व भएको , निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका लागि शिक्षकमा विशेष सीप वा तालिमको आवश्यकता पर्ने, विद्यार्थीका विभिन्न क्रियाकलापहरू जस्तै-कक्षाकार्य, गृहकार्य, उपस्थिति, अनुशासन जस्ता पक्षहरूलाई पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली भित्र समेटनु पर्ने , सरकारीस्तरवाट नै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका विभिन्न साधनहरू र तौरतरिकावारे जानकारी दिइनुपर्ने र लिखित / आवधिक परीक्षासँगै निरन्तर विद्यार्थी मूल्याङ्कन पनि गर्न सकियो भने त्यस्तो मूल्याङ्कन प्रणाली प्रभावकारी हुने कथनहरू प्रति शिक्षकहरूको पूर्ण सहमति अर्थात उच्च प्रतिक्रिया स्तर रहेको पाइयो ।

आवधिक परीक्षावाट मात्रै विद्यार्थीहरूका सम्पूर्ण पक्षहरूको मूल्याङ्कन गर्न सकिने , शिक्षकहरूको वर्तमान सेवा र सुविधाका शर्तहरू सवल नभएकोले उनीहरूको विद्यार्थीहरू प्रतिको चासो र सरोकार न्यून हुन गएको र माथिल्लो तहमा लिखित र आवधिक परीक्षाहरूलाई मूल्याङ्कनको प्रमुख आधार मानिने भएकोले तल्लो कक्षाहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी हुन सक्दैन भन्ने कथनहरू प्रति शिक्षकहरूको पूर्ण असहमति अर्थात न्यून प्रतिक्रियास्तर रहेको पाइयो ।

छनौट गरिएका विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका विभिन्न आधारहरू जस्तै- कक्षाकार्य, गृहकार्य, उपस्थिति,अतिरिक्त क्रियाकलापमा सहभागिता,अनुशासनको रेकर्ड राखेर अङ्क निर्धारण समेत गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याइएको पाइयो ।

समग्र अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावलाई लागुगर्न शिक्षकहरूलाई तालिम दिइनुपर्ने, विद्यार्थी संङ्ख्याको आधारमा शिक्षक दरवन्दी उपलव्ध गरिनुपर्ने, शिक्षक, विद्यार्थी, स्रोत व्याक्ति,प्रधानाध्यापकहरू विच सहकार्य गरिनुपर्ने,विद्यार्थी अनुपस्थितिलाई निरूत्साहित गर्ने उपायहरू अवलम्वन गरिनुपर्ने, विद्यालयमा प्राप्त शैक्षिक सामाग्रीहरूको उपलव्धता गराउनुपर्ने, नियमित गृहकार्य जाँच गर्ने,अनुशासन,अतिरिक्त क्रियाकलापमा सहभागिता आदि पक्षहरूको कार्य प्रति प्रधानाध्यापकले विशेष निगरानी राख्नुपर्ने देखिन्छ ।

## विषयसूची


**सिफारिस-पत्र** i

**स्वीकृति-पत्र** ii

**कृतज्ञता** iii

**सोधसार** iv

**विषय सूची** vi

**तालिकासूची** viii

**परिच्छेद एक :परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकोकथन ३

१.३ अध्ययनको महत्व ४

१.४ अध्ययनको उद्देश्य ५

१.५ अनुसन्धानात्मक प्रश्न ५

१.६ अध्ययनको परिसीमा ६

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ७

२.२ अध्ययनको सैद्धान्तिक खाका १४

२.३ शैक्षिक उपादेयता १६

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १८

३.२ सूचना सङ्कलनको स्रोत १८

३.३ नमुना छनौट १९

३.४ सूचना तथा तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण २०

३.५ साधनको विश्वासनियता र वैधता २२

३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया २२

३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण २२

## परिच्छेद चार : तथ्याङ्क विश्लेषण र व्याख्या


४.१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबारे शिक्षकहरूको अवधारणा २४

४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था ३४

४.३. विद्यालयमा हाल कार्यान्वयनमा भइरहेको मूल्याङ्कन प्रणाली ३७

४.४ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा सरकारी स्तरबाट गरिएका पहलहरू ४५


## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव


५.१. प्राप्ति ५४

५.२. निष्कर्ष ५६

५.३ सुझाव ५७

**सन्दर्भ सामाग्रीहरू**

**अनुसूचीहरू**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं १ | शिक्षक अवधारणाहरूको प्रतिक्रियास्तर उच्च रहेका कथन/वाक्यांशहरू, ती कथन/वाक्यांशहरूमा शिक्षकहरूले व्यक्त गरेका औसत प्रतिक्रियास्तर र विभिन्न प्रतिक्रियाहरू छनौट गर्ने शिक्षक प्रतिशत | २५ |
| तालिका नं २ | शिक्षक अवधारणाहरूको प्रतिक्रिया स्तर मध्यम रहेका कथन/ वाक्यांशहरू र ती कथनमा शिक्षकहरूले व्यक्त गरेका औसत प्रतिक्रिया स्तर र विभिन्न प्रतिक्रियाहरू छनौट गर्ने शिक्षक प्रतिशत | २८ |
| तालिका नं ३ | औसत प्रतिक्रियास्तर न्यून रहेका कथन/वाक्यांशका आधारमा शिक्षक अवधारणाको व्याख्या एवम विश्लेषण | ३१ |
| तालिका नं ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका सवल एवम दुर्वल पक्षहरूवारे प्रधानाध्यापकहरूको अवधारणा | ३३ |
| तालिका नं ५ | विद्यार्थी मूल्याङ्कनका लागि अपनाइएका साधन र ती साधन प्रयोग गर्ने शिक्षक र ती साधन प्रयोग गरिने समय | ३५ |
| तालिका नं ६ | माथिल्लो कक्षा चढाउनका लागि विभिन्न आधारहरू अपनाउने विद्यालय, शिक्षक तथा ती आधारहरू प्रयोग गरिने समय | ३८ |
| तालिका नं ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन हुन नसक्नुका कारणहरू उल्लेख गर्ने शिक्षक प्रतिशत | ३९ |
| तालिका नं ८ | निरन्तर विद्यार्थी मूल्याङ्कनका विभिन्न पक्षहरूको अभिलेख राख्ने तरिका तथा ती अभिलेख अपनाउने शिक्षकहरू | ४२ |
| तालिका नं ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्ने /गराउने सम्वन्धमा सरकारी स्तरवाट गरिएका पहलहरू उल्लेख गर्ने शिक्षक निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षकहरूले सिकेको सीपका स्रोतहरू | ४५ |
| तालिका नं १० | निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षकहरूले सिकेको सीपका स्रोतहरू | ४७ |
| तालिका नं ११ | निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी वनाउन विभिन्न शिक्षकहरूले व्यक्त गरेका उपायहरू | ४८ |
| तालिका नं १२ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्दाका प्रमुख समस्याहरू उल्लेख गर्ने शिक्षक तथा ती समस्या प्रति शिक्षकहरूको मतस्तर | ५१ |